**बैँठक संख्या: २ (दुई)**

**मिति २०८३ श्रावण १७ गते आइतबार बसेको कार्यपालिकाको बैठक निर्णयहरु :**

**निर्णय नं.१ अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस गाउँपालिकाको मिति २०८३ साल श्रावण ७ गतेको कार्यपालिकाको वैठक निर्णयहरु कार्यान्वयनको अवस्था वारेमा समिक्षा गरियो।

**निर्णय नं.२ आयोजनाहरुको ठेक्का व्यवस्थापन सम्बन्धमा।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस आ.व मा कार्यन्वयन हुने निम्न बमोजिमका आयोजना तथा कार्यक्रमहरु ठेक्का मार्फत कार्य गर्नका लागि आवश्यक ल.ई तयार गर्ने सर्वसम्मत निर्णय गरियो।

**निम्न:**

| सि.नं. | आयोजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १. | कृष्णभिर जमुना जौबारी सडक | १००००००००/- | |
| २. | देउराली माईपताल जितपाले टेकेगोलाई रामखर्क सडक | १००००००००/- | |
| ३. | देउराली माईपोखरी सडक निर्माण | २०००००००/- | |
| ४. | चाँपगैरी छाँगे आलुबारी अधिकारीबास सडक निर्माण | १५०००००००/- | |
| ५. | देउराली हटिया सातखाल्डे सडक | २०००००००/- | |
| ६. | जमुना स्वास्थ्य चौकी निर्माण | २०००००००/- | |
| ७. | मलातेनी सन्दकपुर सुलुबुङ खानेपानी आयोजना | ७९००००००/- | |

**निर्णय नं.३ टोल विकास संस्थाहरुको नविकरण तथा अभिमुखिकरण कार्यक्रम सम्बन्धमा।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस सन्दकपुर गाउँपालिकामा दर्ता भई संचालनमा रहेका सम्पुर्ण टोल विकास संस्थाहरुको नविकरण भदौ मसान्त भित्र अनिवार्य सम्पन्न गर्ने र नविकरण पश्चात टोल विकास संस्थाका पदाधिकारीहरुलाई अभिमुखिकरण तालिम संचालन गर्ने सर्वसम्मत सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं.४ सुरक्षित नागरिक आवास सम्बन्धमा।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस गाउँपालिकामा आ.व २०८३/०८४ का लागि प्राप्त भएको सुरक्षित नागरिक आवासको रकमलाई निम्न बमोजिमको संख्याको आधार वडाहरुलाई बाँडफाँड गर्ने सर्वसम्मत निर्णय गरियो।

**निम्न:**

| सि.नं. | वडा नं. | सुरक्षित आवास संख्या | कैफियत |
|---|---|---|---|
| १. | १ | ६ | |
| २. | २ | ६ | |
| ३. | ३ | ६ | |
| ४. | ४ | ६ | |
| ५. | ५ | ६ | |
| | जम्मा | ३० | |
| बाँकी रहेको ३ वटा संख्यालाई आवश्यकताका आधारमा बाँडफाँड गर्ने। | | | |

**निर्णय नं.५ कार्यविधि निर्माण गर्ने सम्बन्धमा।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस सन्दकपुर गाउँपालिकाका लागि आवश्यक पर्ने निम्न कानुनहरु निर्माण गर्नका लागि स्विकृत दिने निर्णय गरियो।

**निम्न:**

१.एक वडा एक उत्पादन कार्यक्रम
२.विउँ पुजि वितरण र अनुदान
३.आवासिय विद्यालय सञ्चालन
४.ब्रान्डिङ्ग तथा लेवलिङ्ग
५.अटो रिक्सा दर्ता तथा सञ्चालन

**निर्णय नं.६ सम्मान कार्यक्रम सम्वन्धमा।**

उक्त प्रस्ताव माथि छलफल गर्दा २०८२ साल असोज महिनामा परेको अभिरल बर्षा पछिको आएको बाढी पहिरोमा राहत तथा पुनःस्थापनाका कार्यहरुमा जिल्ला प्रशासन कार्यालय इलाम तथा गाउँपालिकाको अनुमति लिई सहयोग गर्ने सम्पुर्ण दाताहरुलाई प्रमाणपत्र, दोसल्ला र नगद सहित सम्मान गर्ने निर्णय गरियो।

**निर्णय नं.७ माइपाताल-देउराली सडकको नाली व्यवस्थापन सम्वन्धमा।**

उक्त प्रस्ताव माथि छलफल गर्दा माइपाताल देउराली सडकको देउराली बजार क्षेत्रमा पर्ने नाली व्यवस्थापन गर्नका लागि प्राविधिक शाखालाई लागत अनुमादन तयार गर्न लगाई आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।